म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ४० | बिहीबार २३ भदौ २०७९ | ने. सं. ११४२ ञलाथ्व | 8 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं**

- बिलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*पर्याप्त कानुन नै नबनाई सकियो प्रदेशसभाको कार्यकाल*

# पाँचवर्षे कार्यकालमा जम्मा ४५ वटा कानुन निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ प्रदेशसभाको पहिलो कार्यकाल अधिवेशन स्थगनकै अवस्थामा सकिने भएको छ ।

देश संघीयतामा गएपछि बनेको प्रदेशसभा पहिचान भएका ऐन कानुन निर्माण सम्पन्न नगरी स्थगनकै अवस्थामा सकिने भएको हो । सत्ता गठबन्धनभित्रको खटपट र आगामी निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा सरकार सदनको बैठक बोलाउने पक्षमा देखिँदैन । निर्वाचन मिति नजिकिएकाले अब प्रदेशसभाको आयु पनि धेरै बाँकी छैन । जसका कारण प्रदेशसभाको पहिलो कार्यकाल औपचारिक बैठक नै नबसी स्वत: अन्त्य हुने देखिएको हो ।

संसद्को ढोका बन्द गरेर प्रदेश सरकार अध्यादेशबाटै शासन गर्ने गरी अगाडि बढिरहेको छ । गठबन्धन नेतृत्वको प्रदेश सरकारले पाँच महिनाकै अवधिमा ७ वटा अध्यादेश जारी गरिसकेको छ भने अझै केही अध्यादेश जारी गर्ने तयारी गरिरहेको छ । २०७४ को निर्वाचनपश्चात् मुलुकभर औपचारिकरुपमा संघीयता कार्यान्वयन सुरु भएको थियो । तर, अस्तित्वमा आएदेखि नै प्रदेशसभाले आफूले तोकेअनुसारको कानुन निर्माण गर्न सकेन । अस्थिर सरकारको रोग संघीयता कार्यान्वयनका क्रममा पनि दोहोरिएपछि नेतृत्वले यसको मर्म नै बुझ्न नसकेको रुपमा टिप्पणी भइरहेको छ ।

बागमती प्रदेशसभाले पाँच वर्षको अवधिमा ४५ वटा कानुन निर्माण गरेको छ । प्रदेश सरकारले ८२ वटा कानुन बनाउन आवश्यक रहेको पहिचान गरेको थियो । पाँच वर्षको अवधिमा तीमध्ये ४५ वटा मात्रै कानुन निर्माण भएका हुन् । प्रदेशसभाले कानुन निर्माणभन्दा




संशोधन धेरै गरेको छ । ४५ वटा कानुन बनाउन पाँच वर्ष लगाएको प्रदेश सरकार संसद्ले ५६ पटक ऐन संशोधन गरिसकेको छ । सुरुमा प्रदेश सरकारले ९९ वटा कानुन आवश्यक रहेको भन्दै ती कानुन दुई वर्षभित्रमा निर्माण गरिसक्ने बताएको थियो । तर, पछि सरकारले ८२ वटामात्रै आवश्यक कानुन रहेको पहिचान गरेको थियो ।

प्रदेशसभा सचिवालयले दिएको तथ्याङ्क अनुसार प्रदेशसभाबाट हालसम्म ७० वटा विधेयक पारित भएका छन् । तीमध्ये १५ वटा संशोधित विधेयक हुन् भने १० वटा विधेयक सरकारको ५ वर्षको बजेटसम्बन्धीको विधेयक हुन् । प्रत्येक वर्ष सरकारले बजेटसम्बन्धी अर्थ विधेयक र विनियोजन विधेयक गरी दुईवटा विधेयक ल्याउने गर्दछ । सरकारले बनाउनुपर्ने ऐनको रुपमा पहिचान गरेको मूल कानुन भने हालसम्म ४५ वटामात्रै बनेको तथ्याङ्कले देखाउँछ । सरकारले पहिचान गरेको ८२ वटा ऐनमध्ये ४५ वटा ऐन निर्माण हुँदा ३७ वटा ऐन अझै बन्न बाँकी नै रहेको छ । सरकारले प्रदेशसभाको निर्वाचन प्रतिनिधिसभासँगै आगामी मंसिर ४ गतेको लागि घोषणा गरिसकेको छ । निर्वाचनको मिति नजिकिँदै गर्दा वर्तमान संसद्को अवधि पनि समाप्त हुन लागिसकेको छ । त्यसैले बाँकी रहेको ऐन वर्तमान प्रदेशसभाले बनाउन सक्ने अवस्था छैन । बनेका अधिकांश ऐनहरु पनि संशोधन भइसकेको अवस्था छ ।

प्रदेशसभाले १५ वटा मात्रै संशोधन विधेयक पारित गरेको भएपनि ती विधेयकभित्रबाट ५६ वटा ऐन संशोधन गरिसकेको छ । प्रदेशसभा सचिवालयले दिएको जानकारी अनुसार हालसम्म बनेका अधिकांश ऐनहरु एक चरणमा संशोधन भइसकेका छन् भने केही ऐनहरु दोहोरिएर समेत संशोधन भएका छन् । प्रदेश सरकारले २०७७ सालमा नै केही प्रदेशस्तरका ऐन संशोधन विधेयकमार्फत् एकैपटक ३४ वटा ऐन संशोधन गरेको थियो । त्यस्तैगरी, २०७९ सालमा पनि सरकारले एकैपटक ९ वटा ऐन संशोधन गरिसकेको छ । दुई वर्षभित्रमा नै ८२ वटा ऐन निर्माण गरिसक्ने बताएको प्रदेश सरकारले ४५ वटा ऐन निर्माण गर्ने पाँच वर्ष लगाएकोबाट सरकार ऐन निर्माणमा सुस्त रहेको पुष्टि हुन्छ ।

प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठ भने द्रूत गतिमा सरकारले बिजनेस दिएको भए पहिलो कार्यकालमा पहिचान भएका सबै ऐन निर्माण गर्न सकिने बताउँछन् । उनले ऐन कानुन निर्माणको ८० प्रतिशत काम सरकारको हुने भन्दै सरकारसँग कानुनसम्बन्धी विज्ञको अभाव हुँदा पनि धेरै संशोधन गर्नु परेको बताए । उनले प्रदेशसभाले सरकारले ड्राफ्ट बनाएर ल्याएको ऐनमात्रै बनाउने भन्दै नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डलगायत ८० प्रतिशत ऐन सरकारले निर्माण गर्ने हुँदा सरकारसँग कानुनविद् हुनु आवश्यक रहेको औंल्याए ।

सभामुख श्रेष्ठले साझा अधिकारमा भएको ऐन संघले नबनाउँदा बाझिन गएको, प्रदेशले बनाएको ऐन कार्यान्वयन गर्दा व्यवहारिक नभएको, संघले पठाएको डमिबाट कपि पेस्ट भएको जस्ता विविध कारण प्रदेशसभाबाट ऐनहरु संशोधन गर्नुपरेको प्रस्ट पारे ।

प्रदेशसभाले बजेटसम्बन्धी विधेयक र संशोधन विधेयकबाहेक ४८ वटा ऐन निर्माण गरेको उनले दाबी गरे । सभामुख श्रेष्ठले प्रदेशसभा नियमावली पनि प्रदेशसभाले नै बनाउने हुँदा त्यसलाई पनि ऐनसरह मान्ने कानुनी व्यवस्था रहेको उनको दाबी छ । उक्त नियमावलीसहित प्रदेशसभाले ४८ वटा ऐन बनाएको श्रेष्ठले बताए ।

## सिस्नेरी सडकखण्ड अवरुद्ध



साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ बुधबार बिहानदेखि वर्षाका कारण आएको पहिरोले मकवानपुरको सिस्नेरी सडकखण्ड अवरुद्ध बनेको छ ।

कुलेखानी-सिस्नेरी-छैमले-फर्पिङ सडक खण्डमा बुधबार बिहानैदेखि सवारीसाधन चल्न नसकेका हुन् । काठमाडौं-हेटौंडा आवतजावत गर्न छोटो मार्गअन्तर्गत् सिस्नेरी तथा फाखेल सडक खण्ड छन् । हाल सिस्नेरी खण्ड बन्द भएपनि फाखेल खण्डबाट भने सवारीसाधन आवतजावत गरिरहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार इन्द्रसरोवर गाउँपालिका-३ तिरतिरेधारामा पहिरोका कारण यातायात अवरुद्ध भएको हो ।

बुधबार साँझसम्म पनि अवरोध हटाउन नसकिएको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । इलाका प्रहरी कार्यालय भीमफेदीका अनुसार सडक विभागका कर्मचारीले पहिरो हटाइरहेका थिए । तर, साँझसम्म पहिरो हटाइ नसकिएको डीएसपी कार्कीले बताए ।

# आयोजक नागस्वतीले जित्यो भेट्रान्स कप

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ आयोजक नागस्वती भेट्रान्स क्लबले हेटौंडामा जारी प्रथम नागस्वती रनिङ शिल्ड 'एट ए साइड' भेट्रान्स फुटबल कपको उपाधि जितेको छ ।

नागस्वतीले बुधबार भएको फाइनल खेलमा ठमेल चियापप भेट्रान्सलाई २-१ गोल अन्तरले पराजित गरेको हो । ठमेल चियापपले आफ्नो अग्रतालाई कायम राख्न नसक्दा हार व्यहोर्नु परेको हो । खेलको पहिलो गोल ११ औं मिनेटमै ठमेल चियापपका नरकुमार राईले गरे । ठमेल चियापपको अग्रता ९ मिनेटसम्ममात्रै टिक्यो ।

खेलको २० औं मिनेटमा नागस्वतीका राजकुमार घिसिङले खेल बराबरीमा ल्याए । पहिलो हाफ बराबरीमै सकिए पनि खेलको ४२ औं मिनेटमा नागस्वतीका राजकुमार केसीले अर्को गोल थपे । १ गोलका बिरुद्ध २ गोलले अग्रता लिएको नागस्वतीले खेलमा सम्हालिँदै निर्धारित समय टिकाउन सकेपछि उपाधि हात पार्न सफल भएको हो ।

नागस्वतीले २ लाख १ हजार नगदसहित शिल्ड, मेडल र प्रमाण पत्र पाएको छ । उपविजेता ठमेल चियापपले १ लाख १ हजार नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र पायो । प्रतियोगिताभर उत्कृष्ट खेल प्रदर्शन गरेका नागस्वतीका राजकुमार घिसिङले नगद ५० हजारसहित म्यान अफ दी सिरिज उपाधि पाए । उनै घिसिङ फाइनल खेलको म्यान अफ दी म्याच पनि चुनिए । प्रतियोगितामा उत्कृष्ट गोल रक्षक नागस्वतीका दीलिप क्षेत्री भए ।




उत्कृष्ट डिफेन्डसर नागस्वतीका भीम श्रेष्ठ, उत्कृष्ट मिल्डफिल्डर ठमेल चियापपका लक्ष्मी यक्क, उत्कृष्ट स्ट्राइकर नागस्वतीका विक्रम श्रेष्ठ घोषित भए । उनीहरुले जनही १०-१० हजार पाए ।

बिजेतलाई गोरखबहादुर गण सुपारेटारका गणपति सुभाषचन्द्र महतले पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा देशभरका ४० वर्ष माथि उमेर समूहका १८ वटा भेट्रान्स क्लबहरुले प्रतिस्पर्धा गरेका थिए ।

## राक्सिराङमा चट्याङ लागेर महिलाको मृत्यु



हेटौंडा, २२ भदौ/ मकवानपुरको दुर्गम राक्सिराङ गाउँपालिका-२ बरेटारमा चट्याङ लागेर एक महिलाको मृत्यु भएको छ ।

मंगलबार राति चट्याङ लागेर ६२ वर्षीया कालीमाया स्याङ्तानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । घरनजिकै बारीमा काम गर्दैगर्दा स्याङ्तानमाथि चट्याङ परेको थियो ।

बारीमा काम गरिरहेको बेला दुई जनामाथि चट्याङ लागेपनि स्याङ्तानको मृत्यु भएको प्रहरीले जनाएको छ । चट्याङ लागेपछि उनको घटनास्थलमै ज्यान गएको मकवानपुरका प्रहरी प्रवक्ता डीएसपी टेकबहादुर कार्कीले बताए ।

कोरोना भाइरसबाट बचौं र बचाऔं ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरु:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



Note: BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# चाडपर्वमा चोरीको डर

नेपालीहरुको ठूला पर्वहरु क्रमश: नजिकिँदै छन् । दशैं, तिहार र छठ पर्वलाई नेपालीहरुले महान् पर्वको रुपमा मनाउने गरेका छन् । यी पर्वहरु नजिकिँदै गएपछि विशेष गरी पाकेटमारी, चोरी, डकैती र लुटपाटका घटना धेरै हुँदै आएका छन् । बैंक तथा वित्तीय संस्था, अति भीडभाड हुने स्थान, मेला लाग्ने मठमन्दिरलगायत सहरका भित्री क्षेत्रमा चोरीका घटनाहरु हुने गरेका छन् । पछिल्लो समय हेटौंडामा पनि फाट्टफुट्ट चोरीका घटना भएको खबर आउन थालेका छन् । चोरीका घटनाहरु भएको खबर आएपछि स्थानीयबासीमा डरत्रास बढ्न थालेको छ ।

चाडपर्वको समयमा मानिसहरु गहना लगाएर विशेषरुपमा सजिएर हिँड्ने हुँदा लुटपाट गर्नेहरुको आँखा त्यता लाग्ने गरेको पाइएको छ । बेरोजगारीका कारण खर्च जुटाएर चाडपर्व मनाउन नसक्नेहरुले चोरीको गलत बाटो समातेको पाइन्छ । त्यस्तै, लागूऔषध दुर्व्यसनमा फसेकाहरुले लागूऔषधमा खर्चिने पैसा जुटाउन पनि चोरीको बाटो अवलम्बन गरेको पाइन्छ । त्यस्तै, गिरोहकै रुपमा चोरीमा सक्रियहरुले चाडपर्वमा अझ भीडभाड हुने मौका छोपी चोरीका गतिविधिलाई बढाएका हुन्छन् । दशैं मान्न गृहथलो जाने सर्वसाधारणको संख्या बढी हुने भएकाले उनीहरू बस्दै आएको घर तथा डेरालाई लक्षित गरेर चोरी हुने गरेको पाइन्छ । सार्वजनिक यातायात चढेर आवतजावत गर्ने क्रममा पनि भीड ज्यादै हुने हुँदा पाकेट मार्ने घटनाहरु पनि ह्वात्तै बढ्ने गरेको पाइन्छ । बिहान ११ बजेदेखि दिउँसो चार बजेसम्म र राति एक बजेदेखि ३ बजेसम्म चोरीका घटना धेरै हुँदै आएको प्रहरी तथ्याङ्क छ । त्यसैले यो समयमा अलि बढी सचेत हुने उपायहरु अपनाउनु उचित देखिन्छ ।

चोरीका घटना हुनबाट जोगिन सर्वप्रथम व्यक्ति आफैंले सचेतता अपनाउनुपर्दछ । नजिकको प्रहरीको नम्बर सबैले राख्नु पर्दछ । प्रहरीले पनि चाडपर्वसंगै सुरक्षा चेकजाँचलाई कडाईका साथ लागू गर्नुपर्दछ । नयाँ अनुहारहरुको विशेषरुपमा निगरानी राख्ने, बजारमा बाक्लो सुरक्षाकर्मी परिचालन गर्नुपर्दछ । व्यापारिक प्रतिष्ठानमा सर्वसाधारणको भीड हुने हुँदा सादा पोसाकमा सुरक्षाकर्मी परिचालन गर्नु उपयुक्त देखिन्छ । ट्राफिक प्रहरीले मादक पदार्थ सेवन गरेर सवारी हाँक्ने चालकमाथि कडाइ गर्नु पर्दछ । घर छाड्दा ढोकामा ताल्चा लगाएर छिमेकीसमेतलाई जानकारी गराउनु पर्दछ भने सामाजिक सञ्जालमा आफ्नो यात्राको विस्तृत विवरण राख्न रोक्नु उपयुक्त हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २४ गते शुक्रबार ९ सेप्टेम्बर २०२२ । भाद्र शुक्लपक्ष चतुर्दशी । ञलाथ्व ११४२ ने.सं. । सूर्योदय ५:४६, सूर्यास्त ६:१४ । इन्द्रजात्रा (काठमाडौं मात्र) विदा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आत्मविश्वास बढ्नेछ | **तुला** | : विवाद पर्न सक्नेछ |
| **वृष** | : आफन्तको सहयोग मिल्नेछ | **वृश्चिक** | : दाम्पत्य सुख मिल्नेछ |
| **मिथुन** | : मान, प्रतिष्ठा बढ्नेछ | **धनु** | : रमाइलो यात्रा हुनेछ |
| **कर्कट** | : कार्यमा सफलता मिल्नेछ | **मकर** | : धन कमाउने योग परेको छ |
| **सिंह** | : सहमतिका कार्यहरु हुनेछन् | **कुम्भ** | : पश्चात्ताप लाग्नेछ |
| **कन्या** | : नयाँ कार्य सम्पन्न हुनेछ | **मीन** | : शारीरिक आलस्यता बढ्नेछ |

# मौलिकता र संस्कृति गुमाउँदै छ देश



पूर्णबहादुर परियार

कम्तीमा चाडपर्व, बिहे, व्रतबन्ध, सामूहिक पूजाआजा जस्ता महत्वपूर्ण क्रियाकलापहरू हुँदा निर्धारित मौलिक पोसाक अनिवार्य हुनुपर्दछ । त्यो पनि कच्चा पदार्थ लगायत सम्पूर्ण सामग्री नेपालमै उत्पादन गर्न सकियोस्, गरियोस् ।

मौलिकता सफा पानीको तालतलैया जस्तो हो । जब मौलिकता जोगाउन सक्दैनौं, गुमाउँछौं, अनि समाज दुर्गन्धित हुने हो । जीवनयापनका अभिन्न तीन आधारभूत आवश्यकता गाँस, बास र कपासबाट चर्चा सुरु गरौं ।

गाँस : हाम्रो मौलिक खाना के हो, के थियो ? बाँच्नका लागि कि शरीरलाई ऊर्जा र सु-स्वास्थ्य प्रदान गर्न ? सफा कि मीठो ? केबाट बनेको र स्वास्थ्य मापदण्ड के के ? मलाई लाग्छ, यो धेरैको चासोको विषय नै छैन/होइन । खर्च गर्ने सामर्थ्य छ भने सबै खाना जायज, स्वास्थ्यवर्धक मान्नुपर्ने बाध्यता छ । उदाहरणका लागि समोसा, पकौडा, आलुचप, पानीपुरी, चटपट आदि इत्यादि, यी खानाहरू हाम्रो मौलिक खाना होइनन् ।

वर्षौंदेखि भारतमा कामको खोजीमा बाहिरिएका नेपालीले सिकेको सीप र भारतीयहरूले नै स्थापना गरेको शाकाहारी रेस्टुरेन्टहरूमा पाइने खानाहरू जिब्रोका लागि स्वादिला भए पनि स्वास्थ्यका लागि कति लाभदायक भन्ने खोज र टुङ्गो नलाग्दा नलाग्दै खानाको रुपमा स्थापित भयो । केसँग के खाने, के नखाने, स्वादिलो भए पुग्ने भयो । चिया पिउने चलन ग्रामीण क्षेत्रमा भएको जस्तो लाग्दैन, बिस्तारै चलन बन्दै गयो, दूध र चिनीविनाको चिया बनाउनुपर्दा लज्जाबोध हुने गर्दथ्यो ।

एकातिर आयातित खाद्य र पेय पदार्थहरूले हाम्रो समाजमा जरो गाड्दै गएको छ भने अर्कोतिर पदार्थहरूले स्वास्थ्यमा प्रतिकूल असार पार्दै गएको भेटिए पनि ठोस रुपमा बजारमा पाइने खानाहरूलाई वर्गीकरण गरेको पाईदैन, जसले जे बनाउन जान्यो त्यो खाना नै फेसन बनेको छ । कोकाकोला र पेप्सीकोला जस्ता पेय पदार्थहरूको व्यापकता बढेपछि दूधजन्य खाद्य तथा पेय पदार्थहरू दही, मही, लस्सीप्रतिको उपभोक्ताहरूको मोह काम हुँदै गएको र उत्पादन गर्ने उद्यमीहरू विस्थापित भई अरु पेसातर्फ मोडिन बाध्य हुँदै गएको भेटिएको छ ।

कोकाकोला र पेप्सीकोला जस्ता पेय पदार्थहरूको व्यापकता बढेपछि दूधजन्य खाद्य तथा पेय पदार्थहरू दही, मही, लस्सी लोप हुँदै गएको भेटिएको छ । म:म (जसलाई अंग्रेजीमा डम्प्लिङ भनिन्छ) र चाउमिन पनि आयातित नै हुन । चाउचाउको प्रवेशसँगै तयारी र सिन्के चाउचाउले चाउमिनको रुप लियो । बर्गर पिज्जाको पनि चर्चा नगरौं, प्याकेटमा पाइने कुरकुरे, कुरमुरे, लेजको त कुरै नगरौं, केटाकेटीको रोजाइमा पहिलो नम्बरमा नै पर्न जान्छ । हाम्रो मौलिक खाना किन मासिँदै गयो ? काठमाडौं उपत्यकाभित्र केही नेवारी खाना बाहेको नेपाली मौलिक मेनु दाल, भात, तरकारीबाहेक अरु हुन सकेन, कोसिस पनि नभएको हुन सक्छ ।

बास : इन्जिनियरविना नै बनेका घरहरू पनि १०० देखि २०० वर्ष टिकेको व्यापक भेटिन्छन् । खरको छानो टिन, टायल, झिगटीका घरहरूबाट पुस्तान्तर हुँदै सिमेन्टको प्रचुर उत्पादन हुन थालेपछि आरसीसी घरहरू थपिँदै गए तर अफसोच प्रविधि पूर्णरुपमा अगाल्न सकिएको छैन । तीन तलाभन्दा माथिका घरहरूमा विद्युतीय भर्याङ (एलिभेटर) को बारेमा कसैले पनि सोच्न भ्याएको देखिँदैन । हिँडेर नै तल माथि गर्नुपर्ने बाध्यता देखिएको छ । पुराना शैलीका घरहरूलाई पछ्याएर केही तारे होटलहरू, सपिङ मलहरू बनेको देखिए तापनि आधुनिक घरहरूमा भने विदेशी प्रभाव नै देखिन्छ तर हुनुपर्ने सम्पूर्ण पूर्वाधार एलिभेटर, अग्नि नियन्त्रण गर्ने यन्त्र (फायर हाइड्रान), चट्याङ संरक्षण यन्त्र (एलपीएस), स्वचालित पिउने पानी शुद्ध गर्ने यन्त्र, फोहोर पानी जाने नाली जस्ता महत्वपूर्ण पक्षहरू समावेश भएको देखिँदैन ।

कपास : पुराना फोटोहरू हेर्दा नेपालको मौलिक भेषभुषा, दौरा, सुरुवाल, कछाड, टोपी, गलबन्दी, गुन्यु, चोली पहाडमा, हिमालमा बख्खु र तराईमा कुर्ता सुरुवाल, घाँघर यस्तै यस्तै हो जस्तो देखिन्छ तर अहिले देश विदेशमा नेपालीहरू बाको आवतजावत हुन थालेपश्चात् भने भेषभूषामा व्यापक परिवर्तन भएको छ । नाटक तथा सिनेमा र केही कर्मकाण्डी, औपचारिकता बाहेक मौलिक भेषभुषामा कसैले चासो राखेको भेटिँदैन । सिधै अनुहार नहेरेसम्म केटा र केटी पनि छुट्याउन मुश्किल हुन थालेको छ ।

पहाडै पहाडले भरिएको मुलुक, हिउँ र हिमतालहरू भएको मुलुकमा प्रशोधित पानी पिउनुपर्ने बाध्यता छ र पानीको मूल्य खुद्रामा प्रतिलिटर २५ रुपैयाँ र प्रति जार ५० रुपैयाँ भइसकेको छ । हाम्रो मुलुकको पानी भन्दा भेनेज्युएलाको पेट्रोल सस्तो छ । हाम्रोमा पेट्रोल उत्पादन हुने भए कतिमा बेच्थ्यौं होला ? सहरहरू हरिया देख्न छाडे, बढ्दो पूर्वाधार, निर्माण कार्यमा ढिलाइका कारण पुराना रुखहरू काटिए र नयाँ रोपिएन, यही पारा जारी रह्यो भने कुनै दिन साच्चै नै पिउनलाई बोतलको पानी बाध्यता भए जस्तो सासका लागि (शुद्ध वायु) अक्सिजन सिलिन्डर पिठ्युँमा बोकेर हिँड्नुपर्ने दिन नआउला भन्न सकिन्न ।

मौलिकताको प्रसङ्ग नै जारी छ र सङ्गीतमा जोडौं । डाँडापाखा पखेराका, चरा च्याखुराका बोली र गीत, झरनाको सुसाइ इत्यादिले घाँस, दाउरा, कृषि कर्मका दैनिकीका बाबजुद पनि गीत-संगीतमा झुम्थ्यो नेपाली समाज जसलाई हामी लोकगीत भन्ने गर्छौं । हालसालका दिनहरूमा लोकगीत, दोहोरी गीतमा पनि विकृति देखिन थालेका छन् । गीत रचना हुन्छ, रेकर्डिङ पनि हुन्छ र व्यवसायीकरणका लागि म्युजिक भिडियो बनाइन्छ र अभिनय गर्नेहरूको भेषभूषा हेर्यो भने भाषा मात्र नेपाली अभिनय गर्नेहरू भारतीय, बंगलादेशी, पाकिस्तानी को हुन् भनेर व्याख्या नै गर्नुपर्ने तीतो अनुभव यो पंक्तिकारले बेहोरेको छ ।

आफ्नो निजी घरमा नै म्युजिक भिडियो हेरिरहेको बेलामा भारतीय साथीले सोध्यो, तिमीहरूको भेषभुषा पाकिस्तानीसँग मिल्ने रहेछ (अनुवाद गरेर उद्धृत) भन्यो म लाजले भुतुक्कै भए र भने पछिल्लो दिनमा हाम्रो नेपालमा केटा होस् या केटी कुर्ता सलवार पनि सामान्य भएको छ भनेर स्पष्टीकरण दिनुपरेको थियो । भेषभूषा मात्र होइन, लोक गीत संगीतमा पनि मौलिक रस हराउँदै गएको छ, यदाकदा बाटो फेर्न खोजेको हो कि जस्तो भान पनि हुन्छ ।

कुनै पनि राष्ट्रको मूल जरो भनेको मौलिकता र संस्कृति नै हो । चाडपर्व, नातासम्बन्ध, मनोरञ्जन, विविध घटनाक्रमहरूलाई संस्कृति र मौलिकताले एउटै सूत्रमा बाँधेको हुन्छ र बाँध्नुपर्ने नै हुन्छ, नत्र पहिचान नै मेटिन्छ । कम्तीमा चाडपर्व, बिहे, व्रतबन्ध, सामूहिक पूजाआजा जस्ता महत्वपूर्ण क्रियाकलापहरू हुँदा निर्धारित मौलिक पोसाक अनिवार्य हुनुपर्दछ । त्यो पनि कच्चा पदार्थ लगायत सम्पूर्ण सामग्री नेपालमै उत्पादन गर्न सकियोस्, गरियोस् । अहिले बजारमा ढाका टोपीको पनि ढाँचा फेरिएको छ । सुनिन्छ, यो पनि भारतमा सस्तोमा उत्पादन गरिन्छ रे । ढाका टोपीमा ढाका पाइनै छाडिसकेको छ ।


हाम्रो मौलिक संस्कृति भनेको लिने भन्दा पनि सित्तैमा दिने बढी थियो । पानी त के, सित्तैमा मही दिइने गरिन्थ्यो । आन्तरिक र बाह्य पर्यटन विकास गर्ने हो भने हाम्रो संस्कृतिको जगेर्ना गर्नैपर्छ । पर्यटकलाई नि:शुल्क पानी दिन सकियोस्, मुख्य मुख्य चाडपर्वहरूमा कम्तीमा एक दिन होटेल त लज सञ्चालकहरू तथा होमस्टे व्यवस्थापकहरूद्वारा नि:शुल्क खाना र आवास दिन सकियोस् त्यो संस्कृतिको चर्चा पर्यटकले नजिकका साथीभाइ, ईष्टमित्रहरूसँग आफ्नो मुलुकमा गर्छ र विश्वभर हाम्रो संस्कृतिको सुगन्ध फैलिँदै जान्छ ।

दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको छ र तेस्रो छिट्टै सञ्चालनमा आउँदै छ । हामीले पर्यटन भित्र्याउन सकेनौं भने हाम्रो जनशक्ति बेचेर मात्रै हामी विमानस्थलको व्ययभार धान्न सक्दैनौं । विनाशकारी भूकम्प, नाकाबन्दी, कोभिड महामारीका चुनौतीहरूले सर्वसाधारण र मुलुक दुवैको आर्थिक स्वास्थ्य बिग्रेको छ ।

'अथिति देवो भव'लाई मूलमन्त्र बनाई पर्यटन भित्र्याउनका लागि बृहत् राष्ट्रिय मन्थन गरी गुरुयोजना तयार पार्न सकिएन विदेशिएका नेपाली र विद्यार्थी कसैलाई पनि देशप्रेम, वीरताका गाथा र राष्ट्रियगान मात्र सुनाएर नेपालमा टिकाउन सकिनेछैन भने नेपालका मुख्य सहरहरू केही वर्षमा खण्डहरमा परिणत हुँदै जानेछन् । न हामी माग्ने थियौं, न हाम्रो संस्कृति माग्ने थियो । पहिले आफूलाई परिवर्तन गरौं, परिवर्तनको आशा गरौं, गाह्रो अवश्य छ असम्भव छैन ।

*-साभार: इकागज*

# कसरी बन्ला नेपाल 'प्रो-नेपाल ?'



युवराज घिमिरे

गत साता अमेरिकी दूतावासका निमित्त डेपुटी चिफ अफ मिशन मार्क टेम्पलरले एउटा कार्यक्रममा नेपाली जनताको मनको चाहना बोले । नेपाल प्रो-इन्डिया, प्रो-चाइना या प्रो-अमेरिका हुने हैन, ऊ प्रो-नेपाल बन्नु पर्छ ।

भारतको राष्ट्रिय सेवक संघसँग आवद्ध र नेपालमा अध्ययन तथा अनुसन्धानको उद्देश्यसहित दर्ता नीति तथा अनुसन्धान प्रतिष्ठानद्वारा आयोजित गोष्ठीको प्रारम्भ सत्रमा टेम्पलरले यस्तो अभिव्यक्ति दिँदा हलमा तालीहरु पड्किनुले त्यहाँ उपस्थितहरुको चाहनालाई पनि त्यो अभिव्यक्तिले प्रतिनिधित्व गरेको बुझ्न सकिन्छ । कूटनीतिमा बोलिएकै भरमा कुनै मुलुकप्रति विश्वास गरिहाल्न मिल्दैन । किनकि नेपालीहरुको मन जित्दै आफ्नो वृहत स्वार्थ अनुकुल नीति निर्माणको वातावरण बनाउन त्यस्ता अभिव्यक्तिले सकारात्मक भूमिका खेल्ने गर्छन् । नेपाल-अमेरिका बीच मिलिनियम च्यालेन्ज कर्पोरेशन नेपाल कम्प्याक्टको ५० करोड डलर अनुदान समझदारीको अनुमोदन रकम र स्टेट पार्टनरसिप प्रोग्रामलाई अघि बढाउने प्रयासमा नेपाललाई प्रो-अमेरिका बनाउने चाहना थिएन भन्न सकिन्न । तर टेम्पलरको अभिव्यक्ति सिद्धान्ततः आम नेपालीको चाहना हो ।

अझ त्यो कार्यक्रमको आयोजना आफैंमा खोटपूर्ण थियो । नेपालको विदेश नीतिलाई दिशा निर्देश गर्न र उसले अन्तर्राष्ट्रिय मञ्चहरुमा कस्तो धारणा राख्ने, त्योबारे छलफल गर्न या निष्कर्ष निकाल्ने जिम्मा प्रतिष्ठानले किन लियो ? उसको घोषित कार्य र अधिकार क्षेत्रमा त्यो पर्दैन । भारतबाट आधाभन्दा बढी सहभागीहरुको उपस्थितिमा आयोजित उक्त कार्यगोष्ठीमा भारतको सत्ताधारी दलका विदेश विभाग प्रमुख विजय चौथाईवालाले नआउने निर्णय गरे भने भारतीय राजदूत नवीन श्रीवास्तवले अन्तिम समयमा आफू उपस्थित हुन नसक्ने जनाउ दिए आयोजकहरुलाई । यी कार्यले वास्तवमा नेपाल भारत सम्बन्धमा उत्पन्न हुन सक्ने अर्को तिक्तता या तनाव टरेको छ । २०७२ को नाकाबन्दीपछि सीमा विवादबाट उत्पन्न दुई पक्षीय तिक्तता सामान्य बन्दै गएको परिवेशलाई नराम्रोसँग खलबल्याउन सक्थ्यो, त्यसमा भारत सरकार या सत्ताधारी दलको संलग्नताले । आगामी दिनमा प्रतिष्ठानले नेपाल भारत सम्बन्धबारे आफ्ना मान्यता स्पष्ट पार्नुपर्ने देखिन्छ । किनकि उसको नियतबारे अनेक प्रश्न उठिरहने छन । तर, जुन मञ्चबाट अमेरिकी निमित्त डिसिएम र इजरायली राजदूत यारौं मायरले नेपालको हैसियत र क्षमताबारे सकारात्मक रुपमा बुझ्न र अघि बढ्न नेपालसँग आग्रह गरे, त्यही मञ्चबाट प्रधानमन्त्री शेरबहादुर देउवाले त्यत्ति प्रेरणादायीरुपमा आफूलाई प्रस्तुत गर्न सकेनन्, रुचाएनन । भारतीय राजदूत समेतले अन्तिम समयमा आफूलाई आयोजकबाट पृथक राखिसकेपछि पनि प्रधानमन्त्री र समापन भाषणका लागि पुष्पकमल दाहाल 'प्रचण्ड' त्यहाँ उपस्थित भए । उनीहरुमा बुझाइ र संवेदनशीलता दुवैको शून्यता देखियो । आउने दिनमा खासगरी निर्वाचनका बीच उनीहरुमाथि आशंका र प्रश्नको भार बढ्ने छ ।

एउटा संस्थाले कसरी नेपाल भारत सम्बन्धलाई हेर्छ या प्रभावित गर्न चाहन्छ, त्यो फरक पक्ष हो, तर खासगरी २०६३ यता जसरी नेपाल नीतिबारे भारतीय राज्यका विभिन्न संयन्त्रहरु विभाजित भए र अन्तमा त्यहाँको विदेश विभाग र वाह्य जासूसी संस्थाको संयुक्त अडानलाई भारतीय नेतृत्वले अनुमोदन गऱ्यो । त्यो ऊ स्वयंले आतंककारी भनेको माओवादीसँग भारतको सहकार्यको जग बन्यो । नेपालको अहिलेको बेथिति, संक्रमणकालीन न्यायको अनुपस्थिति र अराजकतामा भारतको त्यो नीति निकै हदसम्म जिम्मेवार छ । नेपालमा राजदूत रहिसकेका रणजीत रेका अनुसार भारतीय सेनाका तत्कालीन प्रमुख जेजे सिंह माओवादीलाई समर्थन गर्न नहुने अडानमा थिए, तर उनी या उनको संस्था नीतिगतरुपमा पराजित भए ।

भारत र नेपालको सम्बन्धको चर्चा गर्दा प्राय: दुवै तर्फबाट त्यसलाई विशेष सम्बन्धको रुपमा चित्रित गरिन्छ । भारतीय सेनाबाट मेजर जनरलको पदबाट अवकाश प्राप्त गोपाल गुरुङ विगत २०७ वर्षदेखिको गोर्खा भर्ती अभ्यासलाई विगत ७५ वर्षदेखि त्रिपक्षीय सम्झौता (नेपाल, भारत र बेलायत) ले अनुमोदन गरी भारतीय सेनामा गोर्खा भर्ती जारी राख्नु नै त्यो विशेष सम्बन्धको आधार मान्छन् । भारत सरकारले आफ्नो सैन्य भर्ति परिवर्तित गरी अग्निपथ योजना ल्याएपछि सन् १९४७ को त्रिपक्षीय सम्झौता वा प्रावधान प्रभावित भएको आशंका नेपालमा बढेपछि गोर्खा भर्तीको निरन्तरता अनिश्चित बनेको छ । विशेष सम्बन्धको आधारमा देखा परेको यो अष्पस्टता एकातिर र नेपालमा सक्रिय उक्त प्रतिष्ठानको अहिलेसम्म फिर्ता नलिइएको उक्त वक्तव्यले भविष्यमा निम्त्याउन सक्ने तिक्तताकै बिच भारतीय सेनाका प्रमुख जनरल मनोज पाण्डे आगामी सोमबार (भदौ २०) मा नेपाल आउँदै छन, परम्परागतरुपमा नेपाली सेनाको मानार्थ 'रथी'को हैसियत ग्रहण गर्न । गोर्खा भर्ति नीति र व्यवहारलाई अग्निपथ योजनाले कसरी प्रभावित गर्छ या गर्दैन, त्यसबारे भारत सरकारले नेपाललाई अग्रिम रुपमा आश्वस्त नगर्दा उत्पन्न परिस्थितिलाई जनरल पाण्डेले सम्बोधन गर्ने प्रयास गर्लान् या नगर्लान्- यो एउटा पक्ष हो ।

तर, अहिलेसम्म (भारत स्वतन्त्र भए यता) भारतको तर्फबाट लडिने हरेक युद्धमा नेपालीहरुले रगत बगाउँदै आएको र अहिले ऊ अणुशक्ति सम्पन्न भएपनि परम्परागत युद्धको सम्भावना अझै रहेको भारतले 'गोर्खा'हरुलाई त्यो परम्पराबाट बाहिर राख्ने सम्भावना कमै देखिन्छ । नेपालले समीक्षा गर्नुपर्ने मुद्दा त्यत्तिकै जटिल र भावनात्मक छ । तिनका आर्थिक र समाजिक पक्ष पनि छन् ।

नेपालसँगको सम्बन्धमा खासगरी नाकाबन्दीका कारण तिक्तता आउँदा वास्तवमा भारतीय सेनाले मौन रुपमा सकारात्मक या हस्तक्षेपकारी भूमिका खेलेका उदाहरणहरु सार्वजनिक जानकारीको विषय हो । गोर्खाहरुले पेन्सन र तलब गरी वर्षमा करिव ४५०० करोड रुपियाँ हात पार्ने र त्यसको महत्वपूर्ण हिस्सा नेपाल आउने, अर्कोतिर अबको योजना अन्तर्गत ४ वर्षमा सेवामुक्त हुँदाको अवस्थामा त्यो रकम गुम्ने र अर्कोतिर हतियार तालिम हासिल गरी करिव २२/२३ को उमेरमा बेरोजगारहरु मुलुक भित्रिँदा उत्पन्न हुने परिस्थितिबारे सोच्नु अन्यथा हुने छैन नेपालका लागि । नेपालले कुनै औद्योगिक या कृषि र स्वरोजगारी नीति निर्माण नगर्दा युवाहरु उत्पादक गतिविधिमा लाग्न नसकेको यथार्थको प्रमाण वर्षेनी ५ लाख युवाहरुको खाडी पलायन हो ।

कुनै मुलुकको विदेश नीति, राज्यको स्वाभिमान, विकास र सुरक्षा नीतिसँग प्रत्यक्ष जोडिएको हुन्छ । यी सबैलाई समग्रतामा हेरिनुपर्छ, पृथकतामा होइन । जनता या नागरिक सुरक्षित र सम्मानित अनि आफ्नो मुलुकभित्र या आफ्नै भविष्य र सम्भाव्यताबारे आशावादी नभएमा मुलुक सम्मानित र सुरक्षित हुनै सक्दैन । त्यो अवस्थामा उनीहरु 'प्रो-नेपाल' हुन सक्दैनन् । त्यस्तै नेपाल 'प्रो-नेपाल' हुनु पर्छ भन्ने 'प्रेस्क्रिप्सन' दिनेहरुकै प्रो-नेपाल बारेको अवधारणा हामीसँग मेल नखान सक्छ । खासगरी एमसिसी अनुमोदन र युक्रेनमाथि रुसी आक्रमणपछि नेपालद्वारा संयुक्त राष्ट्रसंघमा रुसको निन्दालाई चेतनशील नेपालीहरु 'प्रो-अमेरिकी' कार्य मान्छन् भने अमेरिकीहरु त्यसलाई 'प्रो-नेपाल' कदम पनि मान्न सक्छन् । आफ्नो अनुकूलता र स्वार्थसिद्धिका हिसाबले उनीहरु आफ्ना मान्यता र अवधारणा बनाउने गर्छन् । २०६३ को राजनीतिक परिवर्तनमा नेपालीहरुको निर्णायक हैसियत अन्त्यमा विदेशीहरुका हातमा पुग्यो । राजनीतिक एजेण्डा तय गर्न भारत र अमेरिका लगायत पश्चिमा शक्तिहरु सफल भएपछि नेपालमा चिनियाँ उपस्थिति र सक्रियता एमसिसी र एसपीपी प्रकरणपछि अरु बढेको छ ।

चीन पनि नेपाल 'प्रो-नेपाल' नै हुनुपर्छ भन्ने मान्यता राख्दछ, सिद्धान्ततः तर नेपाललाई प्रो-नेपाल के र कुन चरित्रले बनाउछ, त्यसबारे अमेरिका भन्दा फरक मत छ उसको । अमेरिकाबाट उच्चस्तरीय भ्रमणको सिलसिला बढ्दै गर्दा र भारतको एउटा पक्ष नेपालको विदेश नीतिलाई निर्देशन गर्न सक्रिय रहँदा चीन पनि त्यही शैलीमा अभ्यस्त हुदैछ नेपालमा । विदेशमन्त्री, चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख र अहिले त्यसको दुई महिना नबित्दै हुन लागेको चीनको तेस्रो वरिष्ठ पदाधिकारीको भ्रमण उद्देश्यविहीन हैनन् ।


देउवा सरकार या नेपालका सबै ठूला दल प्रो-नेपाल नदेखिए पनि प्रो-अमेरिका देखिदैं गएको मान्यता अमेरिकी सहयोगी र चीनको प्रतिस्पर्धी रहेको भारतमा पनि बढ्दो छ । ऊ नेपाल-अमेरिकाबीच बढ्दो हिमचिमबाट सशंकित छ । अर्थात जेलाई अमेरिका देउवा सरकारको 'प्रो-नेपाल' चरित्र मान्छ, भारत त्यसबाट सशंकित बन्न पुग्छ आफ्नै मान्यता र अवधारणा अनुसार । विश्व मञ्चमा अमेरिकी शक्तिको ठूलो कारक 'डलर'ले रुबल, भारु तथा चिनियाँ मुद्रा युयानबाट चर्को प्रतिष्पर्धा खेप्दै छ र त्योभन्दा ठूलो अनुपातमा उसको सैन्य कूटनीतिक वर्चस्वले विश्वस्तरमा चुनौती भोगिरहेको छ ।

त्यसलाई आफू अनुकुल बनाउन उसले प्रजातन्त्र र मानव अधिकार बारेका आफ्ना धारणा र सिद्धान्त पनि परिवर्तन गरिरहन्छ । सुरुमा उल्लेखित टम्पलरको अभिव्यक्तिले नेपालीहरु मख्ख परे पनि मानव अधिकारबारे उसको समय र परिस्थितिअनुसार फेरिएका एउटा हालको अभिव्यक्ति हेरौं । कानुनमन्त्री गोविन्द बन्दी (गोविन्द प्रसाद कोइराला)ले एकतर्फी रुपमा र द्वन्द्वको एउटा पक्ष अर्थात माओवादीलाई आममाफी दिने प्रपञ्च गरिरहँदा र मुलुकभित्र त्यसको व्यापक विरोध भइरहँदा अमेरिकाले घुमाउरो पाराले उसले प्रो-नेपाल मानेको सरकारको कदमलाई स्वागत गरेको छ ।

*-बाँकी ३ पेजमा...*

# आत्मनिर्भर बन्दै थारू महिलाहरू

वीरगञ्ज (पोखरिया) (रासस)/ पर्साको जीराभवानीकी अन्तिमा चौधरीलाई आजभोलि एकक्षण पनि फुर्सद छैन । उनी बिहानै उठेर जङ्गल जान्छन् र काँस लिएर आउछन् । त्यसलाई सुकाएर विभिन्न रङ्गीन नुइला, डलिया, सुप्पा, टोपीलगायतका सामग्री बनाउछन् । उनले बनाएका ती सामग्री चाडवाड, बिहेवारी, सगुन सबै कार्यमा प्रयोगमा आउँछन् ।




खासगरी थारू समुदायमा छोरीको विवाह वा गाउँलेको घरमा हुने बिहेवारी, पूजापाठ तथा आफन्तको विवाह पूजापाठमा यी बुनिएका तथा बनाइएका विभिन्न सामग्री सगुनका रूपमा दिने प्रचलन छ । उनी भन्छन्, "यसले थारू समुदायको मौलिक पहिचान तथा संस्कृति झल्काउन मद्दत गर्दछ ।"

फुर्सदको समयमा आफ्नो परम्परागत सीपको उपयोग गर्दै घरायसी प्रायोजन र सजावटका विभिन्न सामग्री बुन्ने कामले आयआर्जनसमेत हुन थालेपछि उनी एकक्षण पनि समय खेर फाल्न चाहनुहुन्न । यी सामग्री बनाउन समय मात्र होइन, इच्छाशक्ति र अभ्यास पनि चाहिने उनको भनाइ छ ।

निरन्तरको अभ्यासपछि थारू समुदायका महिलाहरू यस्ता सामग्री बनाएर घरको सजावटको साथै बिक्री गरेर जीविकोपार्जनतर्फ सक्रियरूपमा लागेका छन् । विभिन्न सामग्री बनाउन अझ निखारता ल्याउन सके बजारमा सजिलै बिक्री हुने स्थानीय रागिनी चौधरीको पनि भनाइ छ ।

काँसबाट ढकिया, नुइँया, डेलुवा तथा बाँस, जुटलगायतको प्रयोग गरेर पनि त्यस्ता सामग्री बनाउने गरिएको उनी बताउछन् । थारू महिलाले बनाएका यस्ता सामग्रीलाई बजारको समस्या छैन । स्थानीय रन्जु चौधरी भन्छन्, "आफूले कस्तो खालको आकर्षक ढाँचामा बनाउन सक्छौं । आफ्नो हातको कलामा भर पर्छ । नयाँ ढाँचामात्रै दिन सके त किन्ने मानिस घरमै आएर लैजान्छन् ।" उनका अनुसार छोरीको विवाहका लागि घर सजावट गर्न तथा र गाउँघर आसपासका होमस्टे, होटलको सजावटको लागि यी सामग्रीको खोजी हुने गर्दछ ।

सीप, कला संस्कृतिलाई व्यवसायीकरण गर्दै आर्थिक आयआर्जनसँग पनि जोडेर काम गरेको अनुभव सुनाउँदै पर्सा सेढवाकी सुनकली थारू भन्छन्, "गाउँमा धेरै जनाले यस किसिमका सामान बनाउन नजानेकाले राम्रो आकर्षक फूलबुट्टा दिन सके महँगोमा बिक्री हुने गरेको छ ।" थारू समुदायका महिलाहरू परम्परागतरूपमा ढकियालगायतका सामान बुन्दै आए पनि अहिले प्रचलनमा विभिन्न सजावटका सामग्री बनाउने सीप कमैमा रहेको पाइन्छ । राम्रो र आकर्षक डिजाइन दिनसके एउटै सामग्रीको पाँच हजारदेखि १० हजार सम्ममा पनि बिक्री हुने गरेको उनी बताउछन् ।

थारू समुदायमा रहेका यस्ता मौलिक कला संस्कृतिहरू लोप हुने संघारमा पुगेको अवस्थामा यहाँका अधिकांश महिलाको सक्रियतामा विभिन्न हस्तकलाका सामग्री निर्माण गर्ने कार्यले भाषा, संस्कृति र पहिचान जोगाउन मद्दत पुगेको छ ।

यसले आयआर्जनको विकल्प दिनुका साथै उनीहरूमा सशक्तीकरण पनि भएको सामाजिक अभियन्ता प्रकाश थारू बताउछन् । जानेका महिलाले नजानेका आफ्ना सन्तान, आफन्त तथा साथीलाई सिकाउने गरेकाले सीपको हस्तान्तरण पनि भएको उनको भनाइ छ ।

## *दशैं सम्भिँदै हलिउड अभिनेता फ्रिम्यानले लेखे-*

# काठमाडौंमा पाएको माया कहिल्यै बिर्सनेछैन

काठमाडौं/ टेलिभिजन शो 'स्टोरी अफ गड' छायांकनका लागि हलिउड अभिनेता मोर्गन फ्रिम्यान तीन वर्षअघि नेपालमा थिए । दशैंको बेला आएका उनले न्यानो नेपाली आतिथ्यता ग्रहण गरे ।




तीन वर्षअघिको क्षण सम्भिँदै अभिनेता फ्रिम्यान यतिबेला नोस्टाल्जिक बनेका छन् । नेपाल घुमघामको बेला नेपाली ढाकाटोपी लगाएर फोटो खिचाएको, आतिथ्यता दर्शाएको र पिङ खेलेका तस्वीर सेयर गर्दै उनले मर्मस्पर्शी स्टाटस पनि लेखेका छन् ।

उनी लेख्छन्, 'दशैंको दुई साता लामो उत्सव नेपालीहरुका आधारभूत मान्यताहरुभन्दा माथि रहेर रुपक र शाब्दिक रुपमा पनि महत्वपूर्ण छ । दशैं खराबीभन्दा माथि राम्रोको विजयभन्दा पनि माथि हो । यसले हामीभित्रका अन्तर्द्वन्द्वलाई स्वीकार्दै र संसारमा असफलतालाई स्वागत गर्न हाम्रो आत्मालाई मुक्त गर्दैछ । स्टोरी अफ गडको छायांकनको क्रममा मेरो काठमाडौं यात्रा र दशैंको परम्परामा पूर्णतया डुब्दा मैले पाएको दयाप्रति म कहिल्यै बिर्सने छैन ।'

नेसनल जोग्राफिकको उक्त शोको छायांकनका लागि फ्रिम्यानसहितको टोली नेपाल हुँदै भारत समेत पुगेको थियो । धर्म, आस्था र भगवानबारे संसारभरका मानिसको धारणा बुझ्नु फ्रिम्यान अभिनित टीभी श्रृंखलाको ध्येय रहेको नेसनल जोग्राफिकले उल्लेख गरेको छ ।

गहकिलो आवाजका कारण चर्चा बटुलेका ८५ वर्षीय अभिनेता फ्रिम्यानले फिल्म 'इन्भिक्ट्स'मा लोकप्रिय दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेलको भूमिका निर्वाह गरेका थिए । सन् २००४ को फिल्म 'मिलियन डलर बेबी'बाट उनले सपोर्टिङ एक्टरको रुपमा ओस्कार अवार्ड जितेका थिए । -अनलाइनखबरबाट

# चेल्सीका प्रशिक्षक टुचेल बर्खास्त



काठमाडौं/ इंग्लिस प्रिमियर लिग क्लब चेल्सीका प्रशिक्षक थोमस टुचेल बर्खास्तीमा परेका छन् । मंगलबार राति च्याम्पियन्स लिग अन्तर्गत डाइनामो जग्रेबसँग पराजित भएपछि चेल्सीले प्रशिक्षक बर्खास्त गर्ने निर्णय लिएको हो ।

क्लबको वक्तव्यमा भनिएको छ, 'आफ्नो समयमा क्लबमा सबै प्रयासका लागि प्रशिक्षक थोमस र उनका कर्मचारीप्रति आभार व्यक्त गर्दछ । च्याम्पियन्स लिग, सुपर कप र क्लब विश्वकप जिताउने प्रशिक्षकलाई चेल्सीले आफ्नो इतिहासमा सही स्थान दिनेछ ।'

चेल्सीको वक्तव्यअनुसार नयाँ मालिकले क्लबलाई अझै अगाडि लैजानका लागि कडा मिहिनेत गरिरहेको र यो परिवर्तन त्यसका लागि आवश्यक छ । चेल्सीले नयाँ प्रशिक्षक नियुक्ति नगरून्जेल यसबारे कुनै टिप्पणी नगर्ने प्रष्ट पारेको छ । जर्मन टिम बोरुसिया डर्टमण्डका यी पूर्व प्रशिक्षक सन् २०२१ मा फ्रान्सेली च्याम्पियन पेरिस सेन्ट जर्मेइनबाट चेल्सीमा अनुबन्ध भएका थिए ।

*-साभार: अनलाइनखबर*

# प्रदेशको नाम बेनाम भयो

विराटनगर, (रासस)/ मुलुक संघीय शासन व्यवस्थामा गइसकेपछि यहाँका सात प्रदेशमध्ये प्रदेश नं १ बेनाम हुँदै प्रदेशसभा अन्त्य भएको छ । आन्तरिक विवाद तथा राजनीतिक खिचातानीका कारण यो प्रदेशले आफ्नो नाम अहिलेसम्म पनि जुराउन सकेको छैन ।

प्रदेशसभाको अर्को निर्वाचन आउन लाग्दासम्म पनि प्रदेशले आफ्नो नाम राख्न नसक्दा प्रदेश सरकारको आलोचना भइरहेको छ र यसलाई स्वाभाविक ठान्छन् राजनीतिक विश्लेषकहरू । प्रदेशसभाको १० औँ तथा बजेट अधिवेशन भदौ १७ गते राति १२ बजेटबाट अन्त्य भएको छ ।

प्रदेशसभामा सुरुदेखि अन्तिमसम्म शून्य समयमा आठ सय ८५ सांसद, विशेष समयमा ५६ सांसद, दलका नेताका हैसियतमा ६४ सांसद र विधेयकको दफावार छलफलमा एक हजार ८२ सांसदले बोलेको थियो । कुल अवधिमा ६२ वटा विधेयक पारित हुनुका साथै १०औँ तथा बजेट अधिवेशनसम्म आउँदा प्रदेशसभामा तीन सय ६६ घण्टा ४५ मिनेट खर्चेर तीन सय १२ वटा बैठक बसेको पदेशसभा सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिए ।

सात विषयगत समिति रहेको प्रदेशसभामा सबै समितिको गरेर जम्मा तीन सय ६७ वटा बैठक बसेको र अन्तिम बजेट अधिवेशन ४५ घण्टा ५० मिनेट सञ्चालन भई प्रदेशसभाको बैठक अन्त्य हुँदासम्म प्रदेशमा प्रदेशको नामकरणको प्रस्ताव पनि दर्ता हुन नसक्नु प्रदेशसभाका सबै सांसदले प्रदेशसभाको ठूलो कमजोरी भएको स्वीकारेका छन् ।

प्रदेशसभाका सभामुख प्रदीपकुमार भण्डारी र उपसभामुख सरस्वती पोखरेलले राजनीतिक खिचातानीका कारण प्रदेशको नामकरण हुन नसक्नु दु:खद् भएको बताए । प्रदेशको गठनसँगै यसको नाम राख्नुपर्ने आवाज उठेको हो तर आजसम्म पनि यो सम्भव हुनसकेको छैन । निर्वाचनपछि बनेको नेपाल कम्युनिष्ट पार्टीको दुईतिहाइ बहुमतको सरकारको नेतृत्व गरेका पूर्वमुख्यमन्त्री शेरधन राईको पालामा प्रदेशको नाम राख्न नसक्नुलाई राजनीतिक विश्लेषकहरूले गम्भीर कमजोरी मानेका छन् । प्रदेशको नामकरणका लागि पनि दुईतिहाइ बहुमत आवश्यक पर्छ । अहिलेको प्रदेशसभाको गठन हेर्दा वर्तमान प्रदेशसभामा दलीय आधारमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)को समर्थन आवश्यक छ । एमालेको सहयोग वा समर्थनबिना प्रदेशको नामकरण सम्भव देखिँदैन ।

राजनीतिक परिवर्तनसँगै प्रदेशमा पूर्वमन्त्री राईपछि एमालेकै भीमप्रसाद आचार्यको नेतृत्वमा बनेको प्रदेश सरकार लामो समय चल्न सकेन । गठबन्धन दलका तर्फबाट नेकपा (एकीकृत समाजवादी)का नेता राजेन्द्रकुमार राईको नेतृत्वमा बनेको सरकारले सुरुमा प्रदेशको नामकरण गर्ने विषयमा लिएको अडान पनि कायम रहन सकेको भए प्रदेशको नाम आउन सक्थ्यो । तर त्यो हुन नसक्नुको कारण पनि प्रदेशको नाम पहिचानमा हुने वा भूगोलको विषयले अन्योल बनायो ।

प्रदेशसभामा कुल ९० सदस्यीय पाँचदलीय सत्तारुढ गठबन्धनमा ५० प्रदेश सांसद मात्रै छन् । यसमा नेपाली कांग्रेसका २१, माओवादी केन्द्रका १५, एकीकृत समाजवादीका १०, जनता समाजवादी पार्टीका तीन र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका एक प्रदेश सांसद छन् । प्रमुख प्रतिपक्षी दल एमालेका मात्र ३९ सांसद छन् भने राप्रपाका एक प्रदेश सांसद छन् । प्रदेशसभाबाट प्रदेशको नाम पारित गराउन आवश्यक ६१ सांसद पुऱ्याउन एमालेको समर्थन अपरिहार्य छ । प्रदेशको नामकरणका लागि प्रदेशसभाको दुईतिहाइ बहुमत आवश्यक रहने संवैधानिक व्यवस्था छ । प्रदेशको नामकरणका लागि घनिभूत आवाज उठिरहेको समयमा नेपाली कांग्रेसले एकल पहिचान, बहुपहिचान वा साझा पहिचान गरी यस विषयमा आफ्ना साझा धारणा बनाउनुपर्ने विचार सार्वजनिक गरिसकेको छ । प्रदेशसभामा सहभागी राजनीतिक दलहरूले प्रदेशको नामकरणका लागि विभिन्न चरणमा छलफल एवं बहस जारी राखेको अवस्थामा पूर्वमुख्यमन्त्री राईले नेपाली कांग्रेसले साथ दिएमा दुई दिनमै प्रदेशको नामका लागि दुईतिहाइ बहुमत जुटाइदिने दाबी गरेको थियो ।

कांग्रेसका संसदीय दलका नेता राजीव कोइरालाले गठबन्धनको भावनाविपरीत जान नसकिने अडानले पनि प्रदेशको नामकरणको विषयको बहसहरू खुम्चिन गएको एकथरिको टिप्पणी छ ।

किरात राई यायोख्खाले प्रदेश १ को नाम 'किरात प्रदेश' राख्न पटक-पटक दबाबमूलक कार्यक्रम गर्दै आएको थियो । योसँगै प्रदेशको नाम 'थरुहट' प्रदेश हुनुपर्ने आवाज पनि प्रदेशसभा बाहिर नसुनिएको होइन । यी आवाज कहिले संसद् भवन आगाडि त कहिले मुख्यमन्त्री कार्यालय आगाडि उनीहरूले धर्नालगायतका कार्यक्रम गर्दै आएका थिए । किरात कुनै जाति नभई ऐतिहासिक सांस्कृतिक पहिचान एवं सभ्यता भएकाले यो नाम दिँदा राम्रो हुने तर्क यायोख्खाको छ ।

प्रदेशको नामकरणको विषयमा सभामुख प्रदीपकुमार भण्डारीले पनि सर्वदलीय बैठक सम्पन्न गरिसकेको थियो । सो बैठकमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरूलाई बैठकमा बोलाइएको थियो । बैठकमा छलफलपछि सहमतिका आधारमा प्रदेशसभामा प्रदेशको नामकरण प्रक्रिया अगाडि बढाइने प्रदेशसभा सचिवालयले जनाए पनि यसले मूर्तरुप लिन सकेन ।

प्रदेशको नामकरणका लागि दलहरूका बीच सहमति भए या नभए पनि प्रदेशसभामा प्रक्रिया अघि बढाउने सरकारी तयारी छ । मुख्यमन्त्री राईले प्रदेशको नाम प्रदेशसभाबाट पारित गराउन स्वास्थ्यमन्त्री तथा जनता समाजवादी पार्टीका नेता जयराम यादवको नेतृत्वमा दलहरूबीच सहमति जुटाउन कार्यदल गठन गरेको छ । मन्त्री यादव दलहरूबीच सहमति जुटाएर एउटा मात्रै नाम प्रदेशसभामा प्रस्ताव गरेर पारित गराउने प्रदेश सरकारको पहिलो प्राथमिकता रहेको बताउछन् ।

उनले भने, "दलहरूबीच सहमति जुट्न नसके पनि प्रदेशसभामा नामकरणको प्रक्रिया सुरु भएपछि औपचारिक थलोमा बहस सुरु हुन्छ र त्यसपछि मतदान प्रक्रियामा जुन नाममा सहमति हुन्छ त्यही नाम पारित हुन्छ । अब योबाहेकको अर्को विकल्प छैन ।" प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूमध्ये एमाले र कांग्रेस भूगोलको आधारमा अन्य दल पहिचानको आधारमा प्रदेशको नामकरण हुनुपर्ने पक्षमा देखिएका थिए ।

कांग्रेस र एमाले मिलेर अघि बढ्न सक्दा मात्र प्रदेशको नामकरण सम्भव र सहज थियो । तर पनि कांग्रेस सत्तारुढ गठबन्धनलाई छाडेर प्रदेशको नामकरणका लागि एमालेको साथमा जान सक्ने अवस्था नदेखिएकाले यो विषय संस्थापकहरूका लागि लाजमर्दो भएको नेपाली कांग्रेस संसदीय दलका नेता कोइरालाको भनाइ छ । उनले यो विषयमा संसद्मा छलफल नै नगरी प्रदेशसभा अन्त्य हुनु हाम्रो लागि लाजमर्दो हो भन्दै भने, "प्रदेशको नाम राख्न नसक्नु हाम्रो कमजोरी हो, यसैले प्रदेशका जनतासँग हात जोडेर माफी माग्छु ।"

प्रदेशसभाका सबभन्दा ठूलो दल प्रमुख प्रतिपक्षी एमालेले प्रदेशको नाम भूगोलको आधारमा 'कोसी' हुनुपर्ने अडानमा रहिआएको थियो । दोस्रो ठूलो दल कांग्रेस पनि भूगोलकै आधारमा प्रदेशको नाम 'सप्तकोसी' अघि सारेको थियो । तेस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले पहिचानका आधारमा प्रदेशको नाम राख्नुपर्ने अडान दोहोऱ्याउँदै आएका थिए । पहिचान पक्षधर दलहरू पनि कुनै एउटा नाममा सहमति जुटाउन सकेनन् । पहिचान पक्षधर सबै दलको आ-आफ्नै अडानले प्रदेशको नाम 'बेनाम' भयो ।

नेकपा (एमाले) संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री भीमप्रसाद आचार्यले किरात सभ्यता भए पनि यसलाई गलत व्याख्या गरेका कारण प्रदेशको नाममा सहमति हुन नसकेको बताउछन् । माओवादी केन्द्र एवं सो दलका नेता इन्द्रबहादुर आङ्बोले प्रदेशसभाले प्रदेशको नाम राख्न नसकेका कारणसहित निर्वाचनमा जान सुझाव दिए । उनले भने, "प्रदेश बेनाम त भयो तर हामीले संघीयता कार्यान्वयनको पक्षमा र विकासमा धेरै ठूलो प्रगति गरेका छौं ।"

देश संघीय र प्रदेश निर्वाचनको नजिक आइपुगेको छ । आगामी निर्वाचनमा प्रदेश नं १ ले आफ्नो नामसमेत राख्न नसक्दा प्रदेश सरकारको क्षमतामाथि प्रश्न उठ्नु स्वभाविक हो । कतिपयले संघीय र स्थानीय सरकार भएपछि प्रदेश सरकार देशलाई किन आवश्यक पऱ्यो भन्ने बहस पनि गर्न थालेका छन् ।

# फिजियोथेरापीप्रति बढ्दो विश्वास

आज फिजियोथेरापी दिवस । सन १९५२ देखि सेप्टेम्बर ८ लाई थेरापि दिवसको रुपमा विश्वभर विभिन्न कार्यक्रम गरि मनाउदै आइएको छ । फिजियोथेरापि २ शब्दबाट बनेको छ फिजियो र थेरापि । फिजियो भन्नाले फिजिकल र थेरापि भन्नाले ट्रिटमेन्ट अर्थात उपचार हो । फिजियोथेरापि भनेको मेडिकल साइन्सको ब्राण्ड हो ।

जसमा अर्थो, कार्डियो, न्यूरो, जेराटिक (बुढेसकालमा लाग्ने धेरै किसिमका नशासम्बन्धि समस्या) बालबालिकामा हुने मानसिक समस्या र बालबालिकाको मानसिक विकास भईरहेको छ । फिजियोथेरापीको मूख्य कुरा भनेको साइड इफेक्टविना उपचार गर्नु हो । विरामीलाई केमा कन्फिडेन्ट गराउन सकिन्छ भने ५ दिन, १० दिन फिजियोथेरापि गर्दा साइड इफेक्ट हुदैन ।

तर, डाक्टरको सल्लाह विनै लामो समयसम्म फिजियोथेरापी गर्नेहो भने त्यसले असर गर्छ । फिजियोथेरापि अर्थात भौतिक चिकित्सा जसमा खासगरी भौतिक उपकरण र व्यायामको माध्यमबाट उपचार गरिन्छ । सुरुमा केहि नर्स तथा केही स्वास्थ्यकर्मीलाई तालिम दिई नेपालमा फिजियोथेरापि गराइन्थ्यो । नेपालमा यस सम्बन्धि विस्तृत ज्ञान अध्ययन गर्ने पाठशालाको आभवसंगै विरामीहरुलाई पनि जानकारी थिएन । नेपालमा सुरुमा थेरापिस्टहरु भारतबाटै अध्ययन गरेर आउने गर्थे तर पछिल्लो समयभने त्रिविविले २००३ बाट र काठमाडौं विश्वविद्यालयले २०१० बाट स्नातकसम्मको पाठ्यक्रमलाई सुरु गरेको छ ।

***फिजियोथेरापि कस्तो व्यक्तिले गर्ने***

फिजियोथेरापि रोग नलागेको व्यक्तिलाई पनि आवश्यक पर्न सक्छ । बाथ रोगका कारण जार्नी खिइएको, नशामा समस्या भएको, मुख बांगिने समस्या भएको, हात खुट्टा नचल्ने जस्ता समस्या भएका व्यक्तिले फिजियोथेरापि गर्न सक्छन् । गर्भपति महिलाले पनि फिजियोथेरापि गरेमा बच्चा जन्माउन सहज हुन्छ । पछिल्लो समय विशेषगरि कुमको समस्या लिएर फिजियो थेरापि गर्न आउनेहरुको संख्या बढेको छ । कुमको समस्या निम्न ३ स्टेजहरुमा हुने गर्दछ ।



बाबु सद्दाम हुसेन (एम.पि.टि)

**१. फ्रिजिङ स्टेज (६ हप्ता-९ महिना):** यो स्टेजमा दुखाई विस्तारै बढ्ने र कुम चलाउन गाह्रो हुदै जाने तथा राति दुखाई बढ्ने हुन्छ ।

**२. फ्रोजन स्टेज (४-६ महिना):** यसमा दुखाई कम हुने वा खासै नबढ्ने तथा कुमको सारोपना झन बढ्ने हुन्छ ।

**३. थबिङ्ग स्टेज (६ महिना-२ वर्ष):** यो स्टेजमा कुम चलाउन पुन: सजिलो हुने, दुखाई पनि कम हुदै जाने तर बेलाबेलामा दुखिरहने हुन्छ ।

**यसको प्रभावकारीताहरु**

केही समयअघिसम्म फिजियोथेरापिमा विश्वास गर्नेहरु निकै कम थिए । फिजियोथेरापिबाट उपचार गर्न समय लाग्ने भएकाले पनि यसप्रति कम विश्वास गर्ने गर्दथे । तर पछिल्लो समयभने फिजियोथेरापिप्रति धेरैको विश्वास बढ्दो अवस्थामा छ । फिजियोथेरापि चिकित्सा विज्ञानको एक शाखा हो ।

**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. को**

**साधारण सभामासम्बन्धी सूचना**

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७९ श्रावण ६ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको आ.व. २०७८/०७९ को छैठौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकोले सेयर सदस्यको गरिमामय उपस्थितिको लागि अनुरोध छ ।

**कार्यक्रम**
मिति : २०७९ आश्विन १ गते
समय : बिहान ११ बजे
स्थान रोयल प्यालेस हेटौंडा-४, मेनरोड

**छलफलका विषयहरु:**
१. संस्थाको वार्षिक प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक प्रतिवेदन तथा आगामी वर्षको प्रस्तावित बजेट सम्बन्धमा ।
३. लेखा समितिको प्रतिवेदन ।
४. सहकारीको स्वामित्वमा रहेको भवन सम्बन्धमा ।
५. लेखापरीक्षणको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६. सहकारी एकीकरण सम्बन्धमा ।
७. सञ्चालक समिति तथा लेखा समिति चयन सम्बन्धमा ।
८. माइन्युट प्रमाणित गर्ने सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

२०७८ को एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने सेयर सदस्यको छोराछोरीलाई सम्मान कार्यक्रम रहेको हुँदा मार्कसिट तथा प्रमाणपत्र सहित भाद्र २७ गतेभित्र संस्थामा पेश गर्नुहुन साथै कुनै प्रस्तावहरू भए भाद्र २७ गते भित्र लिखितरूपमा संस्थाको कार्यालयमा पेश गर्नुहुन समेत अनुरोध गर्दछु ।

प्रद्युम्न उपाध्याय, सचिव
**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, सिद्धार्थपथ, मकवानपुर
सम्पर्क ०५७-५२६४४३/५२६३७०

## दबाब तथा प्रभावमा नपरी काम गर्न आग्रह




वीरगञ्ज, २२ भदौ (रासस)/ मधेस प्रदेशका प्रमुखसचिव कृष्णबहादुर राउतले कर्मचारीलाई सेवामैत्री भावनाले सेवा प्रवाह गर्न निर्देशन दिएको छ ।

निजामती सेवा दिवस २०७९ को अवसरमा पर्सामा बुधबार आयोजित कार्यक्रममा उनले कर्मचारीले सबै सेवाग्राहीलाई कसैको दबाब तथा प्रभावमा नपरी काम गर्न आग्रहसमेत गरे । सो क्रममा पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले सबै कर्मचारीले चुस्त दुरुस्तरूपमा प्रभावकारीरूपमा सेवा प्रवाह गर्नुपर्ने बताए । निजामती सेवा दिवस २०७९ को अवसरमा देशभरि विविध कार्यक्रम गरी मनाइँदैछ ।

# क्रिकेट कप्तान लामिछानेमाथि नाबालिका करणीको आरोप

काठमाडौँ, २२ भदौ (रासस)/ नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेमाथि नाबालिका करणी गरेको आरोप लागेको छ ।

एक व्यक्तिले आफ्नी १७ वर्षीया नाबालिका बहिनीलाई यही भदौ ६ गते जबर्जस्ती करणी गरेको आरोपसहित मंगलबार प्रहरीमा जाहेरी दिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिए ।




महानगरीय प्रहरी वृत्त गौशालामा परेको उक्त जाहेरीमा स्याङ्जा आरुचौर स्थायी घर भई हाल काठमाडौँको बूढानीलकण्ठ बस्ने लामिछानेले बालिकालाई यही ५ गते काठमाडौँ र भक्तपुरका विभिन्न स्थानमा घुमाएको र सोही दिनको राति काठमाडौँको एक होटलमा ल्याएर जबर्जस्ती करणी गरेको आरोप छ ।

जाहेरीपछि बालिकाको विस्तृत स्वास्थ्य परीक्षण गराइएको प्रहरीले जनाएको छ ।

अनुसन्धानका विविध विधि र प्रविधि प्रयोग गरी जिल्ला प्रहरी परिसर काठमाडौँ र प्रहरी वृत्त गौशालाबाट संयुक्तरूपमा खटिएको प्रहरी टोलीले उक्त घटनामा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी परिसर काठमाडौँले सूचना जारी गरी जनाएको छ । लामिछाने अहिले लिग क्रिकेट खेलका सिलसिलामा विदेशमा छन् ।

# कर्मचारी देश र जनताप्रति उत्तरदायी हुनुपर्छः *मुख्यमन्त्री पाण्डे*



साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ निजामती सेवा दिवस मूल समारोह समिति, बागमती प्रदेशको आयोजनामा बुधबार हेटौंडामा १९ औं निजामती सेवा दिवस मनाइएको छ ।

हेटौंडामा विभिन्न सरकारी कार्यालयहरुबाट निस्किएको र्‍याली मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा भएको औपचारिक कार्यक्रममा सहमाहित भएको थियो । 'व्यवसायिक र सिर्जनशील प्रशासन: विकास समृद्धि र सुशासन' भन्ने नाराका साथ दिवस मनाइएको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका मुख्य सचिव मुकुन्द निरौलाको सभाध्यक्षतामा भएको कार्यक्रममा निजामती सेवा दिवसको अवसरमा आयोजित विभिन्न मैत्रीपूर्ण खेलकुद प्रतियोगितामा बिजयी हुने कर्मचारीलाई पुरस्कृत वितरण गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले राजनीतिज्ञ र कर्मचारीले संधै देश र जनताप्रति उत्तरदायी भएर सेवा प्रवाह गर्नुपर्ने बताएका छन् । मुख्यमन्त्री पाण्डेले कर्मचारीहरुलाई सक्रिय ढंगबाट जनताको कामकाज गर्न निर्देशन दिए । उनले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत् सबै राष्ट्रसेवक निजामती कर्मचारीलाई अझ बढी समर्पण भावका साथ देश र जनताको सेवामा काम गर्ने उत्प्रेरणा मिलोस् भन्दै शुभकामनासमेत दिएका छन् ।

'हामी राजनीतिज्ञले जनताको मतबाट पाएको मान सम्मान प्रतिष्ठा र जिम्मेवारी कहिल्यै भुल्नु हुँदैन । त्यस्तै राष्ट्रसेवक कर्मचारीले पनि गाउँपाखामा गरिब किसान मजदुरले तिरेको एक-एक रुपैयाँ करबाट हामी पालिएका छौं भन्ने कुरा भुल्नु हुँदैन', उनले भने ।

'जनताप्रति उत्तरदायी भएर काम गर्न सके जनताले सरकारको अनुभूति गर्न सक्छन्, कर्मचारीमाथि भरोसा बढ्दै जान्छ', पाण्डेले थपे । मुलुकमा विभिन्न व्यवस्था परिवर्तनको चरणमा जनप्रतिनिधिको अभावमा पनि कर्मचारीहरुले प्रशासनिक सेवा, पूर्वाधार विकासदेखि जनताको आधारभूत आवश्यकता पूरा गर्ने, सिफारिसका कामलगायत सम्हालेको बताउँदै अब कर्मचारीले दिने सेवामा परिस्कृत गर्दै आम जनताको विश्वास जित्नुपर्ने उनको भनाइ छ ।

## अखिल नेपाल खेलकुद महासंघको भेला

हेटौंडा, २२ भदौ/ अखिल नेपाल खेलकुद महासंघ मकवानपुरको जिल्ला भेला सम्पन्न भएको छ ।

युवा तथा खेलकुद विभाग प्रमुख माधव कोइरालाको सभाध्यक्षता तथा प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य तथा सामाजिक विकास मन्त्री माननीय कुमारी मोक्तानको प्रमुख आतिथ्यता, विशिष्ट अतिथि पार्टी केन्द्रीय सदस्य प्रल्हाद लामिछने तथा महासंघका केन्द्रीय महासचिव अन्जन धमला, प्रदेश कमिटि सदस्य एवम जिल्ला पार्टी सचिव भिम पाख्रीन, प्रदेश कमिटि सदस्य बिरबहादुर घलान र वाइसियलका केन्द्रीय सचिव तथा युवा समिति मकवानपुरका अध्यक्ष सुमन पाख्रिन, युवा तथा खेलकुद विभागका सचिव किरण माझीलगायतको उपस्थितिमा जिल्ला भेला सम्पन्न गरिएयो हो ।

भेलाले भोजराज पराजुलीको अध्यक्षतामा ४१ सदस्यिय कमिटी गठन गरिएको छ । भेलाले पदाधिकारीहरुमा उपाध्यक्ष पुष्पराज पुडासैनी, सचिव ईश्वर छत्कुल्लि, कोषाध्यक्ष शोभा सिङ, सह-सचिवमा मदन उप्रेतीलाई चयन गरिएको हो ।



भीमफेदी गाउँपालिका वडा नम्बर ८ मा वर्षाले अवरुद्ध पारेको सडक खुलाउन काम गरिरहेका एक्साभेटर र लोडर । इन्द्रसरोबर गाउँपालिकाको सिस्नेरीबाट भीमफेदीको इपा जाने सडकमा वर्षाका कारण पहिरो जाँदा सडक अवरुद्ध बनेको थियो । बाटोको अवरोध हटाएसँगै आज बिहीवारदेखी इपागाउँसम्म सवारीसाधन आवतजावत गर्न सकिने वडा अध्यक्ष बिष्णुबहादुर लामाले जानकारी दिएका छन् । वडाध्यक्ष लामाले लामो समयदेखि सडक बन्द हुँदा स्थानीयलाई मर्का परेपछि एक्साभेटर र लोडर लिएर बाटो खुलाउने कार्यलाई प्राथमिकता दिएका थिए । *तस्बिर: वडाध्यक्ष लामा*

# महिलाहरुले उत्पादन गरेको सामग्री बजारीकरण गर्न कोशेली घर




साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ महिलाहरुले उत्पादन गरेको सामग्री बजारीकरणका लागि कोशेली घर सञ्चालनमा आएको छ ।

महिलाहरुले घरमै बसेर उत्पादन गरेको विभिन्न सामग्री बिक्रीका लागि हेटौंडा उपमहानगरपालिकाको सहयोगमा कोशेली घर सञ्चालनमा आएको हो । कोशेली घरको हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाले उद्घाटन गरेकी छन् ।

जाल्पादेवी महिला उद्यामी केन्द्रले व्यवस्थापन गर्ने गरी उपमहानगर क्षेत्रका उद्यामी महिलाहरुले उत्पादन गरेको सामग्री बजारीकरणका लागि कोशेली घर सञ्चालन गरिएको जनाइएको छ । कोशेली घरको उद्घाटन गर्दै उपमहानगरपालिकाका प्रमुख लामाले महिलाहरुलाई दीगो आयआर्जनमा जोड्ने उद्देश्य कोशेली घरको रहेको बताइन् ।

उनले उपमहानगरपालिकाले दिएको तालिमबाटै उत्पादन भएका सामग्रीको बजारीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । उपमहानगरले हरेक वर्ष तालिमबाट तीनसय ८० जना महिलालाई दीगो आयआर्जनमा जोड्ने उनको भनाइ छ ।

उपमहानगरपालिकाले महिलाहरुको आयआर्जनका लागि दिएको विभिन्न तालिमबाट दीक्षित भएका प्रशिक्षार्थीहरुले उत्पादन गरेको सामग्री बिक्री र बजारीकरणका लागि कोशेली घर सञ्चालनमा ल्याइएको बताइएको छ । कोशेली घरको व्यवस्थापक जाल्पादेबी महिला उद्यमी केन्द्रका अध्यक्ष गीता मैनालीले अहिले कोशेली घरमा विभिन्न प्रकारका सामान उत्पादन गर्ने २० जना उद्यमीहरु जोडिएको बताइन् ।

उनीहरुले उत्पादन गरेको विभिन्न प्रकारका सामग्रीहरु बजारीकरणका लागि राखिएको उनले जानकारी दिइन् । कोशेली घरमा ढाकाका उत्पादनहरु साडी, कुर्तासुरुवाल, ब्याग, जुत्ता, बिवाहमा प्रयोग हुने साइपाटाका सामान, पूजाआजाका लागि प्रयोग हुने दुनाटपरी, धुप बत्ती, ऊनबाट बनेका कपडा, विभिन्न प्रकारका अचार, खादासहितका सामग्री राखिएको छ ।

# राप्रपा नेपालबाट बर्तौला उम्मेदवार सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि मकवापुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा राप्रपा नेपालले युवा नेता राजाराम बर्तौलालाई उम्मेदवार बनाउने भएको छ ।

राप्रपा नेपालबाट महामन्त्री बर्तौलालाई प्रतिनिधिसभा क्षेत्र नम्बर २ का लागि सर्वसम्मत सिफारिस गरेको हो । बर्तौला पहिलोपटक संघीय निर्वाचन लड्ने भएका छन् । राप्रपा नेपाल मकवानपुर जिल्ला कार्य समितिको बैठकले बर्तौलाको नाम एकल सिफारिस गरेको पार्टी जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटाले बताए । राप्रपा नेपालले यसअघि नै मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ का लागि पार्टी अध्यक्ष कमल थापालाई सिफारिस गरिसकेको छ । बुधवार भएको पार्टी जिल्ला समितिको बैठकले प्रदेशको प्रत्यक्ष उम्मेदबारको रुपमा प्रदेश १ को 'क'बाट राजाराम अर्याल, बद्री कुँबर, कमल बिडारी, प्रदेश १ को 'ख' बाट दामोदर वाग्ले, प्रेमलाल श्रेष्ठ, अर्जुन ढुंगाना सिफारिस भएका हुन् ।

प्रदेश २ को 'क'बाट राधाकृष्ण विष्ट, सुजेन्द्र ठकुरी र चन्द्रमान लामा सिफारिस भएका छन् । प्रदेश २ को 'ख'बाट बैकुण्ठ सुवेदी, रामु रिजाल, सरोज गुरागाईको नाम सिफारिस भएको हो । यसैगरी, आज बिहीवार बस्ने बैठकले समानुपातिकतर्फका उम्मेदवारको नाम टुंग्याउने जिल्ला अध्यक्ष सापकोटाले जानकारी दिए ।

# चेपाङ समुदायको सशक्तीकरणको अपेक्षा

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ बामगती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजा (चेपाङ)ले चेपाङ समुदायहरुको सशक्तीकरणको अपेक्षा गरेका छन् ।

प्रकृतिपूजक मानिने सीमान्तकृत आदिवासी चेपाङ समुदायको विशेष पर्व न्वागी (छोनाम पर्व)को अवसरमा शुभकामना सन्देश दिँदै राज्यमन्त्री प्रजाले पिछडिएका समुदायहरुको सशक्तीकरणको अपेक्षा रहेको बताएका हुन् ।

बुधबार मकवानपुरका सीमान्तकृत चेपाङ समुदायले न्वागी पर्व मनाएको छ । न्वागीको अवसरमा प्रदेश सरकारले मकवानपुरसहित चितवन र धादिङ जिल्लामा सार्वजनिक विदा दिएको थियो । चेपाङहरुको बसोबास प्रदेशको यी तीन जिल्लामा मात्रै छ । चेपाङ समुदायबाट पहिलो मन्त्री बनेका प्रजाले पिछडिएको समुदायलाई राज्यको मूल प्रवाहीकरणमा आउने ऊर्जा प्राप्त होस् भन्दै चेपाङहरुलाई शुभकामना दिएका छन् ।

नेपाल बहुजाति, बहुभाषी र बहुसाँस्कृतिक मुलुक भएको उल्लेख गर्दै राज्यमन्त्री प्रजाले भने, 'थरीथरीका जातहरुमध्ये अति सीमान्तकृत जनजातिको सूचीमा रहेको चेपाङ जाति एउटा पृथक पहिचान र सँस्कृति बोकेको जाति हो ।' प्रकृतिको पूजा गर्दै नयाँ फलेका दैनिक उपभोगमा आउने तरकारीदेखि गिठ्ठा भ्याकुरहरु आफ्ना इष्ट देउतालाई चढाएर चेपाङ समुदायले न्वागी पर्व मनाउने गर्दछन् ।

यस दिन चेपाङ समुदायका प्रत्येक घरमा रातभर एकपाखे ढ्याङ्ग्रो ठोक्ने र देवीदेवता मनाउने चलन छ । चेपाङ बसोबास क्षेत्रमा हरेक वर्ष खाद्यान्न संकट आउने गरेको छ । यसकारण उनीहरुले तरकारीदेखि गिठ्ठा भ्याकुरहरु आफ्ना इष्ट देउतालाई चढाउने गरेका छन् ।

राज्यमन्त्री प्रजा, राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लसहित कर्मचारीहरुको विशेष उपस्थितिमा राक्सिराङ-७ स्थित दामराङमा न्वागी कार्यक्रमको आयोजना गरिएको थियो ।

नयाँ फलेका अन्न तथा फलफूल तरकारी न्वागीकै दिन चेपाङका पण्डित पाण्डेमार्फत् देवीदेवतालाई चढाएपछि मात्र उनीहरुले खान सुरु गर्ने गर्दछन् । वर्षायाममा फल्ने काँक्रो, करेला, गाभा, निबुवा, कागतीलगायतका तरकारी तथा फलफूल चेपाङ समुदायले न्वागीमा देवतालाई चढाएपछि मात्र खान सुरु गर्छन् ।

# मनहरी गाउँपालिकाद्वारा एकसय दिनको कार्य प्रगति सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ मकवानपुरको मनहरी गाउँपालिकाले आफ्नो एकसय दिनको कार्यप्रगति सार्वजनिक गरेको छ ।

बुधबार पत्रकार सम्मेलन गर्दै गाउँपालिकाले एकसय दिनको कार्यप्रगति सार्वजनिक गरेको हो । गत वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा निर्वाचित भएर आएपछि गाउँपालिकामा भएको कामहरुको बारेमा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी गराएका थिए ।

गाउँपालिकाका जनप्रतिनिधिले निर्वाचित भएको एकसय दिनमा नै गाउँपालिकामा महत्वपूर्ण कामहरु गरेका छन् । शिक्षा, स्वास्थ्य, कृषिसँगै विकास कार्यको सम्बन्धमा पनि एकसय दिनमा विभिन्न काम, बजेट विनियोजन, नीतिनियम तथा निर्णयहरु भएको पाइएको छ । अध्यक्ष कालाखेतीको अनुसार गाउँ कार्यपालिकाका थप ९ वटा बैठक बसी हालसम्म ७० वटा निर्णयहरु भएका छन् ।

हाँडीखोला स्वास्थ्य चौकीमा गर्भवती महिलाहरुको लागि निःशुल्क भिडयो एक्स-रे सेवा सञ्चालनमा ल्याइएको, गाउँपालिका र सामुदायिक आँखा अस्पताल हेटौडाबीच सम्झौता भइ गाउँपालिकाको वडा नं. ७ मा दैनिक आँखासम्बन्धी सेवाको निरन्तरताका साथै मोतियाबिन्दु भएका गाउँपालिकाभित्रका बिरामीहरुका लागि निःशुल्क उपचारको व्यवस्था मिलाइएको, १ करोड बराबरको विभिन्न १४ किसिमका कृषि औजार गाउँपालिकाका कृषकहरुलाई वितरण गरिएको तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा औषधि उपचारको लागि तथा विविध अन्य कारणले आर्थिक सहायता मागको लागि प्राप्त निवेदन अनुसार २१ जनालाई ५ हजारको दरले र १ जनालाई ४ हजार गरी जम्मा १ लाख ९ हजार हालसम्म वितरण गरिसकिएको अध्यक्ष कालाखेतीको भनाइ छ ।

गाउँपालिकाभित्रका विपन्न समुदाय तथा सर्वसाधारणलाई निःशुल्क र आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनु स्थानीय सरकारको प्रमुख दायित्व भएकाले स्वास्थ्य क्षेत्रमा ३ करोड ४२ लाख बजेट, शिक्षक दरबन्दी नभएका वा कम भएका विद्यालयमा शिक्षक व्यवस्थापनलगायत क्रियाकलाप सञ्चालन गर्न शिक्षा क्षेत्रमा ४ करोड १८ लाख ४७ हजार, कोल्ड स्टोरको लागि यसवर्ष १ करोड ६६ लाख ५० हजार, पशु सेवासम्बद्ध कार्यक्रमको लागि १ करोड १५ लाख, विपन्न बालबालिका गरिबसंग विश्वेश्वर सहायता कोष र विपन्न परिवारको गरिबसंग विश्वेश्वर स्वास्थ्य बीमा कार्यक्रमका लागि ९४ लाख ५० हजार, गाउँपालिकाको गौरबको आयोजनाको रुपमा निर्माणाधीन ५ वटा पक्की पुलको निरन्तरताको लागि १५ करोड विनियोजन गर्नेजस्ता काम पनि एकसय दिनमा गरिएको उनको भनाइ छ ।

अध्यक्ष कालाखेतीले बस्तीस्तरबाट माग भई आएका साना योजनाहरुलाई सम्बोधन गर्दै वडास्तरीय पूर्वाधार निर्माण गर्न जम्मा ८ करोड ४५ लाख ८३ हजार र गाउँपालिकाभित्रका नागरिकको मागबमोजिम तत्कालीन साना विकास योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न कार्यविधि तयार गरी खर्च गर्ने गरी जनतासंग अध्यक्ष विकास कार्यक्रम र जनतासंग उपाध्यक्ष विकास कार्यक्रमको लागि २ करोड विनियोजन गरिएको जानकारी दिए । पत्रकार सम्मेलनमा गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, प्रमुख प्रशासकीय अधिकृत मोहनबहादुर श्रेष्ठ लगायत सञ्चारकर्मीहरुको उपस्थिति थियो ।

# सकियो नमूना संयुक्त राष्ट्रसंघीय सभा

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ नवोदय शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयले हेटौंडामा आयोजना गरेको नमूना संयुक्त राष्ट्रसंघीयसभा सकिएको छ ।

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख दिनानाथ गौतमको प्रमुख आतिथ्यतामा सभा समापन भएको हो । सभालाई सम्बोधन गर्दै प्रमुख गौतमले जिल्लालाई शैक्षिक हबको रुपमा विकास गर्नुपर्ने बताएका छन् । शिक्षालाई विशेष प्राथमिकतामा राखी मकवानपुरलाई शैक्षिक हबको रुपमा विकास गर्नुपर्नेमा उनको जोड थियो ।

प्रविधिमैत्री शिक्षालाई जोड दिँदै विद्यालयले शिक्षण सिकाईसँगै अतिरिक्त सिकाईलाई पनि ध्यान दिनु पर्ने गौतमले बताए । 'इनोभेसन, एक्सपिरियन्स लर्निङ र क्रियटिभ एक्टिभिटी' का तीन वटा बुँदालाई मुख्य प्राथमिकतामा राखेर नमूना संयुक्त राष्ट्रसंघीयसभा सञ्चालन गरिएको थियो ।

विद्यार्थीलाई क्रियाकलापमा आधारित शिक्षा प्रदान गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको नमूना सभाको आयोजना गरिएको नवोदय शिशु



सदन माविका शैक्षिक निर्देशक अव्यक्त खनालले बताए । कार्यक्रम तीन दिन सम्म सञ्चालन भएको थियो । नमूना महासभामा विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्, आर्थिक र वित्तीय मामिला परिषद्, खाद्य तथा कृषि संगठन, अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्रसंघीय पर्यावरणलगायत प्रमुख एजेन्डामा रही छलफल गरिएको थियो ।

नमूना महासभामा सहभागी भई आफूले कुटनीति, अन्तर्राष्ट्रिय सम्बन्ध र राष्ट्रसंघमा मुलुकको प्रतिनिधित्वका विषयमा बुझ्ने अवसर पाएको विद्यार्थीहरुले बताएका छन् ।

विभिन्न देशको रुपमा भूमिका निर्वाह गर्ने, संयुक्त राष्ट्रसंघका विभिन्न समितिमा रही कार्य गर्ने र सभामा राम्रो भूमिका निर्वाह गर्ने विद्यार्थीलाई मायाको चिनोप्रदान गर्नुको साथै प्रमाणपत्र प्रदान गरिएको थियो ।

तीन दिनसम्म सञ्चालन भएको दोस्रो दिन सोमबार सभामा सहभागी हुन फरक-फरक विद्यालयबाट आएका विद्यार्थीबीच हार्दिकता अभिबृद्धि गर्न तथा कला प्रस्तुत गर्न सामाजिक सन्ध्याको आयोजना गरिएको थियो ।

नमूना संयुक्त राष्ट्रसंघीय सभाका महासचिव रेजा विष्टले विद्यार्थीलाई जिम्मवारी प्रदान गरी कार्यक्रम आयोजना गर्न दिनुभएकोमा विद्यालयप्रति हार्दिक आभार व्यक्त गरिन् ।

कार्यक्रममा नवोदय विद्यालयका विद्यार्थीसहित हेटौंडा एकेडेमी विद्यालय, तुलसी मेहर विद्यालय, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, मकवानपुर बाल विद्या सदन, ब्रह्मदिक एकेडेमीका विद्यार्थीको सहभागिता रहेको थियो । नमूना संयुक्त राष्ट्रसंघीय सभाका महासचिव रेजा विष्टको अध्यक्षतामा भएको कार्यक्रममा सिद्धार्थ माध्यमिक विद्यालयका प्रधानाध्यापक मोहन शर्मालगायतको आतिथ्यता थियो ।


**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

फोन नं.: ९८४५४८७२३२

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना